# दश वर्षे पाँचखाल नगर शिक्षा योजना

## (२०८२/०८३-२०९१/९२)

## मस्यौदा




पाँचखाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

# नगर शिक्षा योजना
## पाँचखाल नगरपालिका
## (२०८२/२०८३ -२०९१/२०९२)

**पाँचखाल नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

बागमती,प्रदेश,काभ्रेपलाञ्चोक।

# हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक, आर्थिक विकास सम्भव हुँदैन। नेपालको संविधानले शिक्षा मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा नगर शिक्षा योजना समयसापेक्ष आवश्यकता हो।

हाम्रो नगरमा शैक्षिक पहुँच विस्तार भए तापनि सिकाइ उपलब्धि, समानता, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ। भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान गुणस्तरको शिक्षा प्राप्त गर्न सकेका छैनन्।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP) राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG-4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्य कायम गर्दै योजना तयार गरिएको छ।

हाम्रो भनाइ स्पष्ट छ-शिक्षा केवल विद्यालयसम्म सीमित नभई जीवनभर सिकाइको आधार बन्नुपर्छ। बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, तथा उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य अपरिहार्य छ। साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन मार्फत हाम्रो नगरलाई सिकाइ मैत्री, समावेशी र गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ सङ्कल्प छ।

## विषय-सूची

**परिच्छेद- एक**

**परिचय**

१.१ भौगोलिक अवस्थिति

१.२ जनसाङ्ख्यिक संरचना

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

१.४ आर्थिक अवस्था

१.५ शैक्षिक अवस्था

१.६ सबल पक्षहरू

१.७ शिक्षा क्षेत्रका समस्याहरू

१.८ अवसरहरू

१.९ चुनौतीहरू

**परिच्छेद- दुई**

**दूरदृष्टि,उद्देश्य,रणनीति,अपेक्षित उपलब्धि तथा लक्ष्य निर्धारण**

२.१ दूरदृष्टि

२.२ उद्देश्य

२.३ रणनीति

२.४ अपेक्षित उपलब्धि

२.५ मुख्य कार्सम्पादन सूचक र लक्ष्य निर्धारण

**परिच्छेद- तीन**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

**३.१ प्रारम्भिक बालविकास शिक्षा**

३.१.१ परिचय

३.१.२ वर्तमान अवस्था

३.१.३ उद्देश्य

३.१.४ रणनीति

३.१.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**३.२ आधारभूत शिक्षा**

३.२.१ परिचय

३.२.२ वर्तमान अवस्था

३.२.३ उद्देश्य

३.२.४ रणनीति

३.२.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**३.३ माध्यमिक शिक्षा**

३.३.१ परिचय

३.३.२ वर्तमान अवस्था

३.३.३ उद्देश्य

३.३.४ रणनीति

३.३.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**३.४ अनौपचारिक तथा आजीवन सिकाइ**

३.४.१ परिचय

३.४.२ वर्तमान अवस्था

३.४.३ उद्देश्य

३.४.४ रणनीति

३.४.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**परिच्छेद- चार**

**अन्तर्सम्बन्धित विषय क्षेत्रहरू**

**४.१ पाठ्यक्रम र मूल्याङ्कन**

४.१.१ परिचय

४.१.२ वर्तमान अवस्था

४.१.३ उद्देश्य
४.१.४ रणनीति
४.१.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.२ शिक्षक व्यवस्थापन र विकास**
४.२.१ परिचय
४.२.२ वर्तमान अवस्था
४.२.३ उद्देश्य
४.२.४ रणनीति
४.२.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.३ समता र समावेशीकरण**
४.३.१ परिचय
४.३.२ वर्तमान अवस्था
४.३.३ उद्देश्य
४.३.४ रणनीति
४.३.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.४ विद्यालय दिवा खाजा,स्वास्थ्य पोषण र सरसफाई कार्यक्रम**
४.४.१ परिचय
४.४.२ वर्तमान अवस्था
४.४.३ उद्देश्य
४.४.४ रणनीति
४.४.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.५ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा**
४.४.१ परिचय
४.४.२ वर्तमान अवस्था
४.४.३ उद्देश्य

४.४.४ रणनीति
४.४.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास**
४.६.१ परिचय
४.६.२ वर्तमान अवस्था
४.६.३ उद्देश्य
४.६.४ रणनीति
४.६.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि**
४.७.१ परिचय
४७.२ वर्तमान अवस्था
४.७.३ उद्देश्य
४.७.४ रणनीति
४.७.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**परिच्छेद- पाँच**
**विद्यालय सुशासन तथा व्यवस्थापन**
**५.१ संस्थागत क्षमता विकास**
५.१.१ परिचय
५.१.२ वर्तमान अवस्था
५.१.३ उद्देश्य
५.१.४ रणनीति
५.१.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध**
५.२.१ परिचय
५.२.२ वर्तमान अवस्था

५.२.३ उद्देश्य
५.२.४ रणनीति
५.२.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**५.३ अनुगमन तथा मूल्याङ्कन**
५.३.१ परिचय
५.३.२ वर्तमान अवस्था
५.३.३ उद्देश्य
५.३.४ रणनीति
५.३.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
**परिच्छेद- छ**
**लगानी र स्रोत साधन**
६.१ परिचय
२.२ वर्तमान अवस्था
६.३ उद्देश्य
६.४ रणनीति
६.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तर्सम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण
**परिच्छेद- सात**
**कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण**
७.१ परिचय
७.२ वर्तमान अवस्था
७.३ उद्देश्य
७.४ रणनीति
७.५ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

# योजनाको सारांश

पाँचखाल नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रप आउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा अनौपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक-निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## क) विषय प्रवेश

संविधानतःसङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा

नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागितामूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापन योग्य सूचकहरू सहितको स्थानीय शिक्षा योजनामार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीति बिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूले अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तर्सम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँच बाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश

गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसै गरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो:

क) वर्तमान नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६)

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७

च) शिक्षा ऐन २०२८, तथा नियमावली, २०५९

छ) विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८

ज) राष्ट्रिय शिक्षा नीति, २०७६

झ)दिगो विकास लक्ष्य(सन् २०१५-२०३०)

ञ)स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

ट) राष्ट्रिय जनगणना, २०७८

ठ) पाँचखाल नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम

ड) शैक्षिक सूचना २०८२ शिक्षा तथा खेलकुद मन्त्रालय

ढ) आर्थिक सर्वेक्षण २०८२/८३ आदि।

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

**<u>बैठकका निर्णयहरु र उपस्थितिहरु अनुसूचीमा समावेश गर्ने ।</u>**

क)कार्यपालिकाको बैठकको निर्णय

ख)योजना निर्माण समितिको गठन

ग) योजना निर्माण कार्यदल गठन

घ) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय

ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रूप

छ)योजनाको मूल्याङ्कन

ज)योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि,ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तर्सम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको

छ। यसमा समावेश गरिएका अन्तर्सम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्। परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ। परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य-मुख्य सूचकहरू उल्लेख गरिएको छ।

# परिच्छेद- १

# परिचय

## १.१ भौगोलिक अवस्थिति

पाँचखाल नगरपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजनअनुसार बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाका १३ ओटा स्थानीय तहहरूमा नगरपालिकामध्ये क्षेत्रफलको आधारमा दोस्रो ठुलो स्थानीय तह हो। पाँचखाल नगरपालिका भौगोलिक हिसाबले ८५°३३'३५ देखि ८५°४४'८" पूर्वी देशान्तर र २७°४२'१७"उत्तरी अक्षांशसम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित समथर बेँशी क्षेत्रमा अवस्थित छ। यो नगरपालिका समुद्री सतहबाट ६०० मि. देखि १६०० मि.को उचाइमा रहेको छ। १०२.९३ वर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वतर्फ तेमाल गाउँपालिका र भुम्लु गाउँपालिका, पश्चिमतर्फ धुलिखेल र बनेपा नगरपालिका, उत्तरतर्फ मण्डनदेउपुर नगरपालिका र दक्षिणतर्फ नमोबुद्ध नगरपालिका र धुलिखेल नगरपालिका रहेका छन्। यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिविम्बित गर्दछ। *(* स्रोतः पाँचखाल पार्श्वचित्र, २०८०)*

हावापानीको दृष्टिले यस स्थानीय तहमा सामान्यतया उष्णदेखि समशीतोष्ण जलवायु पाइन्छ। गर्मी याममा तापक्रम मध्यमदेखि उच्च रहने र वर्षायाममा कमै वर्षा हुने गर्दछ। जाडो याममा तापक्रम घट्न गई अत्यधिक चिसो देखिन्छ। यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ। यस क्षेत्रको मुख्य पेशा भनेको कृषि हो। यहाँ वर्षभरिमा तीनदेखि चार बालीसम्म अन्न तथा विभिन्न तरकारीहरू उत्पादन हुन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। यस नगरपालिकाको वडा नं. ९ मा रहेको पलाञ्चोक भगवती मन्दिर धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिन्छ। त्यसै गरी दुग्धेश्वर मन्दिर, राधाकृष्ण मन्दिर, गोल्मादेवी मन्दिर, ऐरीदेवी मन्दिर, धनलक्ष्मी मन्दिर, कोटदेवी मन्दिर यस क्षेत्रका प्रसिद्ध मन्दिर हुन्। वनजङ्गल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर, गुम्बा वा सांस्कृतिक धरोहरहरूले

आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यसै वर्ष यस नगरपालिकाको वडा नं. ९ मा प्याराग्लाइडिङको सफल परीक्षण गरिएको छ। यद्यपि पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्। वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याएको छ। तथापि वन अतिक्रमण, अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ।

पहाडै पहाडले घेरिएको पाँचखाल उपत्यका नेपालको सङ्घीय राजधानी काठमाडौंलाई चीनसँगको व्यापारिक नाका खासा सहर जोड्ने प्रसिद्ध अरनिको राजमार्ग यहीँ ठाउँ हुदै जान्छ। सङ्घीय राजधानी काठमाडौंबाट ४५ कि.मि. दूरीमा रहेको यस नगरपालिकाका अधिकांश भूभाग सुगम क्षेत्रमा रहेका छन्। मौसम परिवर्तनका कारणले वातावरणीय प्रभाव न्यूनीकरण गर्न केही मिनेटको दूरीमा अनुकूल वातावरण पाउन सकिन्छ। समुद्र सतह ६०० मिटरदेखि १६०० मिटरसम्म उचाइ रहेका ठाउँहरूले गर्दा यस क्षेत्रको पर्यटन विस्तार गर्न सकिने प्रचूर सम्भावना रहेको छ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, डुबान, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ। विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ। जोखिम न्यूनीकरणका लागि पूर्व तयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपत्कालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ।

समग्रमा यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

## १.२ जनसाङ्ख्यिक संरचना

यस स्थानीय तहको कुल जनसङ्ख्या ३५,५२१ रहेको छ। *(*स्रोतः रा.ज.ग. २०७८)*

जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ, यद्यपि

कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइँसराइका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोर-किशोरी, कार्यशील उमेर (१५-५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई सङ्केत गर्दछ।

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औंल्याउँछ।

यस नगरपालिकाको जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइँसराइका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइँसराइको दृष्टिले यो स्थानीय तह श्रममा आधारित बाह्य तथा आन्तरिक बसाइँसराइबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको सङ्ख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले कालान्तरमा शिक्षा, सिप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संशाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दु, बौद्ध, क्रिश्चियन तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू तामाङ, दनुवार, नेवार लगायत अन्य भाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सिप र प्रविधि, कृषि, पशुपालन, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सिपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान सिपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा सामाजिक, सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। यी सम्पदाहरुको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## १.४ आर्थिक अवस्था

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ। जस अन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषिमा आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य शृङ्खलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षा अनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तैः-खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ-कटाइ तथा कृषि आधारित उद्योग आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सिप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्। रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ। समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सिपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## १.५ शैक्षिक अवस्था

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालित विद्यालयको सङ्ख्या २८ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ५६८ रहेको छ। केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ। लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा |

| | |
|---|---|
| | अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गतामैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या २९ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता बालबालिका अनुपात १:१९ रहेको छ, जुन केही केन्द्रमा मापदण्ड अनुकूल छैन।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |

| | |
|---|---|
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १-८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तह (कक्षा १-५) का सामुदायिक विद्यालय ११ र संस्थागत विद्यालय ४ ओटा रहेका छन्। त्यस्तै आधारभूत तह (कक्षा ६-८) का सामुदायिक विद्यालय ४ र संस्थागत विद्यालय १ गरी जम्मा २० ओटा आधारभूत विद्यालयहरू रहेका छन्। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या कक्षा १-५ मा १७३३ र संस्थागत विद्यालयमा १३३२ रहेको छ। त्यस्तै कक्षा ६-८ मा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या १११८ र संस्थागत विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या ६०९ गरी आधारभूत तहमा जम्मा ४७९२ विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विद्यार्थी भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ। *(*IEMIS तथ्याङ्क शैक्षिक सत्र २०८२, पाँचखाल नगरपालिका )*<br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या यो तहमा हालसम्म शुन्य रहेको पाइएको छ। विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र |

| | |
|---|---|
| | केही क्षेत्रमा दुर्गम देखिन्छ। सामुदायिक विद्यालयमा विद्यार्थी-शिक्षक अनुपात औषत कक्षा १-५ मा १:११ रहेको छ भने कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात औषत १:२३ रहेको छ। आधारभूत तहमा खास गरी कक्षा ६-८ मा शिक्षक-विद्यार्थी अनुपात मिलेको देखिदैन र गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ।<br>विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा-बहुस्तर (Multi-grade Multi-level) पठनपाठन सञ्चालन भइरहेको अवस्था छ। उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधिमा आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ। जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, |

| | |
|---|---|
| | पूर्वाधार तथा जलवायु अनुकूल विद्यालय विकासमा अझैं सुधार आवश्यक देखिन्छ। लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ। |
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा९-१२) विद्यार्थीहरूको जीवनोपयोगी सिप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस स्थानीय तहमा सामुदायिक माध्यमिक विद्यालयहरूको सङ्ख्या कक्षा ९-१० चलेका ६ र संस्थागत विद्यालयहरूको सङ्ख्या ५ रहेको छ। त्यस्तै कक्षा ११-१२ चलेका सामुदायिक विद्यालयहरू ७ र संस्थागत विद्यालय १ ओटा गरी जम्मा १९ ओटा माध्यमिक विद्यालयहरू (कक्षा ९-१२) सञ्चालनमा रहेका छन्। सामुदायिक विद्यालय अन्तर्गत कक्षा ९-१० मा जम्मा ७९२ र संस्थागत माध्यमिक विद्यालयमा जम्मा २९२ विद्यार्थीहरू अध्ययनरत छन्। त्यस्तै सामुदायिक माध्यमिक विद्यालय कक्षा ११-१२ अन्तर्गत जम्मा ५४२ र संस्थागत माध्यमिक विद्यालय अन्तर्गत जम्मा ११६ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। *(IEMIS तथ्याङ्क, शैक्षिक सत्र २०८२, पाँचखाल नगरपालिका)* विद्यार्थी भर्नादरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ४८.२९% र ५१.७१% रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औंल्याउँछ। |

| | |
|---|---|
| | विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या शुन्य रहेको पाइएको छ। शिक्षक-विद्यार्थी अनुपात कक्षा ९-१० मा औसत १:१७ रहेको छ भने कक्षा ११-१२ मा औषत शिक्षक-विद्यार्थी अनुपात १:४२ रहेको छ। विषयगत रूपमा दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सिप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ। यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू |

| | |
|---|---|
| | सञ्चालनमा रहेका छन्, जसमा साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सिप विकास तालिम लगायतका पहलहरू समावेश छन्। हालसम्म यो तहमा सहभागी साक्षरता विद्यार्थी संख्या ११२ र निरक्षर जनसंख्या अनुमानित ५ प्रतिशत रहेको छ ।<br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोरकिशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन्। यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुर्‍याएको छ। तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br>आयआर्जन तथा व्यावसायिक सिपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारी सक्षम बनाउने उद्देश्य राख्दछन्। यस स्थानीय तहमा सञ्चालन भएका कृषि, हस्तकला, सिलाइ—कटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादन आधारित तालिममा सहभागीको सङ्ख्या ३० जना रहेको छ। यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन्।<br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ। धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन्। पुस्तकालय, सिप परीक्षण, प्रशिक्षण |

| | |
|---|---|
| | र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक।<br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सिप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याएका छन्। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सिपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तीकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउँनेछ। |

## पाँचखाल नगरपालिकाको तथ्याङ्गत शैक्षिक विवरण

### तहगत रूपमा सञ्चालित सामुदायिक विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा |
|---|---|---|
| १ | श्री ठकुरीगाउँ प्रा.वि.पाँचखाल-१२ | कक्षा १-३ |
| २ | श्री सिर्जना प्रा.वि.पाँचखाल-१ | कक्षा १-५ |
| ३ | श्री गोल्मादेवी प्रा.वि.पाँचखाल-४ | कक्षा १-५ |
| ४ | श्री जन उद्धार प्रा.वि.पाँचखाल-५ | कक्षा १-५ |
| ५ | श्री सुन्दर सूर्योदय प्रा.वि.पाँचखाल-८ | कक्षा १-५ |
| ६ | श्री जन जागरण प्रा.वि.पाँचखाल-९ | कक्षा १-५ |
| ७ | श्री कालीदेवी प्रा.वि.पाँचखाल-९ | कक्षा १-५ |
| ८ | श्री राधाकृष्ण प्रा.वि.पाँचखाल-१० | कक्षा १-५ |
| ९ | श्री गंगादेवी प्रा.वि.पाँचखाल-११ | कक्षा १-५ |
| १० | श्री जन भावना प्रा.वि.पाँचखाल-१२ | कक्षा १-५ |
| ११ | श्री जन जनगृति प्रा.वि.पाँचखाल-१३ | कक्षा १-५ |
| १२ | श्री ज्ञानोदय आ.वि.पाँचखाल-२ | कक्षा १-८ |
| १३ | श्री बाल प्रतिभा आ.वि.पाँचखाल-२ | कक्षा १-८ |
| १४ | श्री नारायणस्थान आ.वि.पाँचखाल-७ | कक्षा १-८ |
| १५ | श्री भुवनेश्वरी आ.वि.पाँचखाल-१२ | कक्षा १-८ |
| १६ | श्री ज्ञानेश्वरी मा.वि.पाँचखाल-१ | कक्षा १-१० |
| १७ | श्री भक्रम देवी मा.वि.पाँचखाल-२ | कक्षा १-१० |
| १८ | श्री दुग्धेश्वर मा.वि.पाँचखाल-४ | कक्षा १-१० |
| १९ | श्री गणेश मा.वि.पाँचखाल-५ | कक्षा १-१० |
| २० | श्री जोरपाटी मा.वि.पाँचखाल-६ | कक्षा १-१० |
| २१ | श्री महाँकाल मा.वि.पाँचखाल-१० | कक्षा १-१० |
| २२ | श्री कालिका मा.वि.पाँचखाल-१ | कक्षा १-१२ |
| २३ | श्री सर्वमङ्गला मा.वि.पाँचखाल-३ | कक्षा १-१२ |
| २४ | श्री जनता मा.वि.पाँचखाल-८ | कक्षा १-१२ |
| २५ | श्री पलाञ्चोक मा.वि.पाँचखाल-९ | कक्षा १-१२ |
| २६ | श्री भगवती मा.वि.पाँचखाल-११ | कक्षा १-१२ |
| २७ | श्री आजाद मा.वि.पाँचखाल-१२ | कक्षा १-१२ |
| २८ | श्री राम मा.वि.पाँचखाल-१३ | कक्षा १-१२ |

## तहगत रूपमा सञ्चालित संस्थागत विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा |
|---|---|---|
| १ | अमर ज्योति ई.बो.स्कुल | कक्षा १-५ |
| २ | ध्रुबतारा ई.बो.स्कुल | कक्षा १-५ |
| ३ | पलाञ्चोक भगवती ई.बो.स्कुल | कक्षा १-५ |
| ४ | ब्राइट फ्युचर ई.बो.स्कुल | कक्षा १-५ |
| ५ | नव जनहित ई.स्कुल | कक्षा १-८ |
| ६ | सरस्वती शिक्षा गृह मा.वि. | कक्षा १-१० |
| ७ | नमस्ते ई स्कुल | कक्षा १-१० |
| ८ | पाँचखाल भ्याली ई.बो.स्कुल | कक्षा १-१० |
| ९ | इन्द्रेणी विद्या मन्दिर ई.बो.स्कुल | कक्षा १-१० |
| १० | दीपशिखा ई.बो.स्कुल | कक्षा १-१० |
| ११ | नव प्रतिभा ई.बो.स्कुल | कक्षा १-१० |
| १२ | गोल्डेन फ्युचर ई.बो.स्कुल | कक्षा १-१२ |

शैक्षिक सत्र २०८२मा पाँचखाल नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरूको दरबन्दी विवरण

| क.स. | विद्यालयको नाम | प्राथमिक तह(कक्षा१-५) | | | | | नि.मा.वि.तह(कक्षा६-८) | | | | | मा.वि.तह(कक्षा९-१०) | | | | | जम्मा दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | राहात | जम्मा | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | राहात | जम्मा | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | राहात | जम्मा | |
| १ | श्री सर्वमङ्गला मा.वि.पाँचखाल-३ | ० | २ | ३ | १ | ६ | ० | ० | ५ | ३ | ८ | ० | २ | ६ | ० | ८ | २२ |
| २ | श्री जोरपाटी मा.वि.पाँचखाल-६ | ० | १ | ६ | ३ | १० | ० | १ | २ | १ | ४ | ० | ० | ० | ३ | ३ | १७ |
| ३ | श्री गणेश मा.वि.पाँचखाल-६ | १ | २ | ४ | १ | ८ | ० | ० | २ | ३ | ५ | ० | ० | ० | १ | १ | १४ |
| ४ | श्री आजाद मा.वि.पाँचखाल-१२ | १ | ० | ९ | २ | १२ | ० | ० | ४ | १ | ५ | ० | १ | ५ | १ | ७ | २४ |
| ५ | श्री जनता मा.वि.पाँचखाल-८ | ० | ३ | २ | १ | ६ | ० | ० | ३ | ० | ३ | ० | ० | २ | १ | ३ | १२ |
| ६ | श्री भगवती मा.वि.पाँचखाल-११ | ० | ५ | ३ | ० | ८ | ० | ० | ३ | १ | ४ | ० | ० | ६ | ० | ६ | १८ |
| ७ | श्री पलाञ्चोक भगवती मा.वि. | ० | ० | ५ | १ | ६ | ० | १ | १ | १ | ३ | ० | ० | २ | १ | ३ | १२ |
| ८ | श्री ज्ञानेश्वरी मा.वि.पाँचखाल-१ | ० | १ | ५ | ० | ६ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ७ |
| ९ | श्री महांकाल मा.वि.पाँचखाल-१० | १ | ० | ३ | २ | ६ | ० | ० | ० | ३ | ३ | ० | ० | ० | ३ | ३ | १२ |
| १० | श्री कालिका मा.वि.पाँचखाल-१ | ० | ० | ४ | १ | ५ | ० | ० | ० | ३ | ३ | ० | ० | १ | २ | ३ | ११ |
| ११ | श्री भक्रमदेवी मा.वि.पाँचखाल-२ | ० | ० | ७ | ० | ७ | ० | ० | ० | ३ | ३ | ० | ० | ० | २ | २ | १२ |
| १२ | श्री दुग्धेश्वर मा.वि.पाँचखाल-४ | ० | २ | ७ | १ | १० | ० | ० | १ | २ | ३ | ० | ० | १ | १ | २ | १५ |
| १३ | श्री राम मा.वि.पाँचखाल-१३ | ० | २ | ४ | ० | ६ | ० | ० | २ | २ | ४ | ० | ० | ३ | १ | ४ | १४ |
| १४ | श्री सृजना प्रा.वि.अनैकोट-१ | ० | ० | १ | २ | ३ | | | | | | | | | | | ३ |
| १५ | श्री बाल प्रतिभा आ.वि.पाँचखाल-२ | ० | ० | १ | ३ | ४ | | | | | | | | | | | ४ |
| १६ | श्री ज्ञनोदय आ.वि.पाँचखाल-२ | ० | १ | ३ | १ | ५ | ० | ० | ० | १ | १ | | | | | | ६ |
| १७ | श्री गोल्मादेवी प्रा.वि.पाँचखाल-४ | ० | १ | ४ | ० | ५ | | | | | | | | | | | ५ |
| १८ | श्री जनउद्धार प्रा.वि.पाँचखाल-५ | ० | १ | ३ | १ | ५ | | | | | | | | | | | ५ |
| १९ | श्री नारायणस्थान आ.वि.पाँचखाल-७ | ० | १ | ४ | १ | ६ | ० | ० | ० | १ | १ | | | | | | ७ |
| २० | श्री सुन्दर सूर्योदय प्रा.वि.पाँचखाल-८ | ० | ० | ४ | ० | ४ | | | | | | | | | | | ४ |
| २१ | श्री कालीदेवी प्रा.वि.पाँचखाल-९ | ० | २ | २ | ० | ४ | | | | | | | | | | | ४ |
| २२ | श्री जनजागरण प्रा.वि.पाँचखाल-९ | ० | ० | २ | १ | ३ | | | | | | | | | | | ३ |
| २३ | श्री राधाकृष्ण प्रा.वि.पाँचखाल -१० | ० | ० | ० | ३ | ३ | | | | | | | | | | | ३ |
| २४ | श्री गंगादेवी प्रा.वि.पाँचखाल-११ | ० | १ | ३ | ० | ४ | | | | | | | | | | | ४ |
| २५ | श्री ठकुरी गाउँ प्रा.वि.पाँचखाल-१२ | ० | ० | ० | १ | १ | | | | | | | | | | | १ |
| २६ | श्री जनभावना प्रा.वि.पाँचखाल-१२ | ० | १ | ३ | ० | ४ | | | | | | | | | | | ४ |
| २७ | श्री भुवनेश्वरी आ.वि.पाँचखाल-१२ | ० | २ | ५ | १ | ८ | ० | ० | ० | १ | १ | | | | | | ९ |
| २८ | श्री जनजागृति प्रा.वि.पाँचखखाल-१३ | ० | २ | ३ | ० | ५ | | | | | | | | | | | ५ |
| | जम्मा | ३ | ३० | १०० | २७ | १६० | ० | १ | २३ | २७ | ५२ | ० | ३ | २० | १६ | ४५ | २५७ |

*स्रोतःपाँचखाल नगरपालिका, IEMIS तथ्याङ्क २०८२

शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयमा कक्षागत रूपमा छात्रछात्राहरूको विवरण

| क.सं. | विद्यालयको नाम | प्रारम्भिक बालविकास | | कक्षा-१ | | कक्षा-२ | | कक्षा-३ | | कक्षा-४ | | कक्षा-५ | | कक्षा-६ | | कक्षा-७ | | कक्षा-८ | | कक्षा-९ | | कक्षा-१० | | कक्षा-११ | | कक्षा-१२ | | जम्मा | जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्र | छात्रा | छात्रा | छात्र | विद्यार्थी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १ | श्री कालिका मा.वि. | ७ | १३ | ८ | ५ | ७ | ७ | ५ | २ | ४ | २ | ४ | ७ | २ | ३ | ६ | ६ | ४ | ३ | ६ | १० | ९ | १० | ६ | १ | ११ | ५ | ७९ | ७४ | १५३ |
| २ | श्री ज्ञानेश्वरी मा.वि. | ६ | ११ | ५ | ६ | ३ | ३ | ४ | २ | ५ | २ | ५ | ४ | ६ | ८ | ९ | १० | ९ | ११ | १३ | १५ | २१ | १२ | ० | ० | ० | ० | ८६ | ८४ | १७० |
| ३ | श्री सिर्जना प्रा.वि. | ५ | ८ | ८ | ५ | ७ | ७ | ४ | ५ | ४ | ३ | ६ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४ | ३० | ६४ |
| ४ | श्री भक्रम देवी मा.वि. | १३ | १० | ७ | ५ | १० | ११ | ९ | ७ | १३ | ८ | ६ | ५ | १८ | ९ | ७ | १५ | ४ | १८ | १९ | १३ | १२ | ६ | ० | ० | ० | ० | ११८ | १०७ | २२५ |
| ५ | श्री ज्ञानोदय आ.वि. | ४ | ७ | ७ | ७ | ८ | ५ | २ | ३ | ८ | ७ | ३ | ७ | ३ | ५ | ५ | ४ | ५ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५ | ४७ | ९२ |
| ६ | श्री बाल प्रतिभा आ.वि. | २५ | २८ | ७ | ६ | ६ | ५ | ० | ० | १० | १२ | ९ | ८ | ७ | १२ | १० | ७ | ५ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७९ | ८१ | १६० |
| ७ | श्री सर्वमङ्गला मा.वि. | ३० | १८ | १० | ११ | १८ | १२ | ७ | १७ | १५ | १३ | ७ | १५ | १६ | १८ | १६ | १९ | २० | १६ | ३१ | ३६ | ३० | २५ | ७७ | ६९ | ५६ | ४९ | ३३३ | ३१८ | ६५१ |
| ८ | श्री दुग्धेश्वर मा.वि. | १० | १३ | १६ | ८ | १४ | ५ | ८ | ७ | १६ | ९ | ७ | ८ | १४ | ७ | ११ | १४ | १२ | ७ | ६ | ८ | १२ | ८ | ० | ० | ० | ० | १२६ | ९४ | २२० |
| ९ | श्री गोल्मादेवी प्रा.वि. | १२ | ९ | ९ | ९ | २ | ५ | ४ | ५ | ५ | ७ | ७ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३९ | ३७ | ७६ |
| १० | श्री जन उद्धार प्रा.वि. | ४ | १२ | ७ | ६ | ३ | ३ | ४ | ० | ३ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ | २३ | ४४ |
| ११ | श्री गणेश मा.वि. | २२ | १७ | ८ | ३ | ३ | ७ | ५ | ८ | ३ | १० | ७ | ८ | १३ | १६ | ८ | १७ | ९ | १७ | ११ | २० | १८ | १३ | ० | ० | ० | ० | १०७ | १३६ | २४३ |
| १२ | श्री जोरपाटी मा.वि. | २० | ३३ | ६ | ८ | १२ | ११ | ८ | ७ | ८ | ६ | ८ | ९ | ६ | १५ | १० | ८ | २ | १२ | ४ | ६ | ८ | १ | ० | ० | ० | ० | ९२ | ११६ | २०८ |
| १३ | नारायणस्थान आ.वि. | ४ | ७ | ३ | ९ | ५ | ६ | ४ | ६ | ५ | ५ | ५ | ६ | ५ | ८ | १० | ५ | १० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५१ | ५७ | १०८ |
| १४ | श्री सुन्दर सूर्योदय प्रा.वि. | ५ | ५ | २ | २ | ३ | ५ | ० | ४ | १ | ३ | ३ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४ | २१ | ३५ |
| १५ | श्री जनता मा.वि. | २ | ५ | ४ | ३ | २ | ३ | २ | ७ | ५ | २ | ४ | ४ | ५ | १० | ९ | ५ | १५ | १० | १४ | ५ | १० | ४ | ४ | ४ | ८ | ७ | ८४ | ६९ | १५३ |
| १६ | श्री पलाञ्चोक भगवती मा.वि. | ० | ७ | ४ | ८ | २ | २ | ० | ० | ० | ३ | २ | ३ | ४ | ५ | ९ | ५ | १२ | ११ | १० | १४ | १२ | ९ | ११ | १० | २ | ४ | ६८ | ८१ | १४९ |
| १७ | श्री कालीदेवी प्रा.वि. | ७ | ४ | २ | २ | ५ | ३ | ३ | ३ | १ | ३ | ३ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ | १६ | ३७ |
| १८ | श्री जन जागरण प्रा.वि. | ५ | ४ | २ | २ | ३ | २ | २ | ३ | २ | २ | ३ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७ | १५ | ३२ |
| १९ | श्री महाँकाल मा.वि. | ७ | १४ | ३ | ५ | ९ | ९ | ७ | ४ | ७ | ६ | ५ | १० | १४ | ९ | १३ | १० | १० | ७ | २४ | १० | १९ | १७ | ० | ० | ० | ० | ११८ | १०१ | २१९ |
| २० | श्री राधाकृष्ण प्रा.वि. | ७ | १७ | ६ | ११ | ७ | ९ | ५ | ५ | ७ | ४ | ७ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३९ | ४९ | ८८ |
| २१ | श्री भगवती मा.वि. | १४ | १८ | ९ | ५ | ५ | ५ | ६ | ५ | ७ | ६ | ५ | ५ | ६ | ७ | ६ | ५ | ६ | ६ | ९ | ९ | ५ | १३ | ३ | १ | ८ | ० | ८९ | ८५ | १७४ |
| २२ | श्री गंगादेवी प्रा.वि. | ६ | ३ | ३ | ६ | ८ | २ | ७ | ४ | ८ | २ | ७ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३९ | २१ | ६० |
| २३ | श्री आजाद मा.वि. | १७ | १३ | ३२ | ३० | २८ | २० | २९ | ४१ | ३३ | २८ | ३३ | ३३ | ३८ | ४१ | ४९ | ४५ | ३६ | ३३ | ५२ | ३९ | ५५ | ४४ | ६५ | ३१ | ५० | ३१ | ५१७ | ४२९ | ९४६ |
| २४ | श्री जन भावना प्रा.वि. | ४ | ५ | ४ | १ | २ | ३ | १ | ४ | ३ | ३ | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | १८ | ३४ |
| २५ | श्री टकुरीगाँउ प्रा.वि. | ६ | ५ | २ | २ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ९ | १८ |
| २६ | श्री भुवनेश्वरी आ.वि. | ६ | १२ | ११ | ९ | ३ | ६ | ६ | ७ | ७ | ८ | १२ | ९ | ७ | ७ | १० | १३ | ११ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७३ | ७८ | १५१ |
| २७ | श्री राम मा.वि. | २ | ७ | ४ | ५ | ६ | ३ | ५ | ४ | ६ | ३ | ६ | ५ | ८ | १३ | ८ | १२ | ११ | ८ | १२ | ९ | १० | ४ | ४ | १० | १० | ५ | ९२ | ८८ | १८० |
| २८ | श्री जन जागृति प्रा.वि. | ५ | ८ | ४ | ८ | २ | ७ | २ | ५ | ३ | ८ | ७ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २३ | ४० | ६३ |
| जम्मा | | २५५ | ३१३ | १९३ | १८७ | १८४ | १६८ | १३९ | १६५ | १८९ | १६६ | १७३ | १६९ | १७२ | १९३ | १९६ | २०० | १८१ | १७६ | २११ | १९४ | २२१ | १६६ | १७० | १२६ | १४५ | १०१ | २४२९ | २३२४ | ४७५३ |

*स्रोत:पाँचखाल नगरपालिका, IEMIS तथ्याङ्क २०८२

| क.सं. | विद्यालयको नाम | प्रारम्भिक | | कक्षा-१ | | कक्षा-२ | | कक्षा-३ | | कक्षा-४ | | कक्षा-५ | | कक्षा-६ | | कक्षा-७ | | कक्षा-८ | | कक्षा-९ | | कक्षा-१० | | कक्षा-११ | | कक्षा-१२ | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | जम्मा |
| १ | नव जनहित ई.बो.स्कुल | २४ | २७ | २० | १९ | ६ | १७ | ८ | ७ | ८ | १० | ९ | ६ | ३ | १० | १३ | २ | ३ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७० | ७७ | १४७ |
| २ | ब्राइट फ्युचर ई.बो.स्कुल) | १० | २२ | ९ | ८ | ५ | ० | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १५ | ११ | २६ |
| ३ | दीपशिखा ई.बो.स्कुल | ८ | १४ | १ | २ | ४ | ३ | ० | ० | ८ | २ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ | १३ | २६ |
| ४ | पलाञ्चोक भगवती ई.बो.स्कुल | १५ | १९ | ७ | १२ | ६ | १२ | ६ | ५ | ६ | ७ | ५ | ८ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४ | ४९ | ८३ |
| ५ | नव प्रतिभा ई.स्कुल | ३८ | ४४ | १८ | १६ | ९ | ११ | ११ | ८ | १२ | १० | ११ | ११ | ९ | १६ | ११ | १६ | ११ | १० | १० | ६ | ६ | ९ | ० | ० | ० | ० | १०८ | ११३ | २२१ |
| ६ | ध्रुवतारा इ.बो.स्कुल | १६ | १३ | ४ | १ | २ | ३ | ३ | ३ | ५ | २ | २ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | १५ | ३१ |
| ७ | इन्द्रेणी विद्या मन्दिर ई.बो.स्कुल | १९ | २० | ५ | ९ | २ | ५ | ३ | ५ | २ | ३ | १ | ५ | ७ | २ | १० | १२ | १० | १२ | ० | ० | २ | ५ | ० | ० | ० | ० | ४२ | ५८ | १०० |
| ८ | अमर ज्योति ई.बो.स्कुल | ० | ० | १० | ८ | ३ | ६ | ४ | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ | १८ | ३९ |
| ९ | पाँचखाल भ्याली ई.बो.स्कुल | ४२ | ५५ | १८ | २९ | २७ | ३१ | ३३ | ४१ | २४ | ४६ | २७ | ४८ | २९ | ३२ | १९ | ३३ | १८ | २९ | २२ | ३२ | २१ | २८ | ० | ० | ० | ० | २३८ | ३४९ | ५८७ |
| १० | सरस्वती शिक्षा गृह ई.बो.स्कुल | २१ | १९ | २१ | ४८ | ७ | १० | १३ | १८ | ४ | ७ | ८ | ७ | ९ | २३ | १४ | २६ | ११ | ११ | १६ | ११ | ५ | ११ | ० | ० | ० | ० | १०८ | १७२ | २८० |
| ११ | गोल्डेन फ्युचर ई.बो.स्कुल | ३५ | ३१ | ३८ | ५६ | ३० | ३५ | ३० | ५० | ४१ | ५७ | १८ | ४७ | ३१ | ३५ | २५ | ४३ | २४ | २५ | २६ | २९ | २२ | ३१ | ३५ | ४३ | २० | १८ | ३३९ | ४६९ | ८०९ |
| | जम्मा | २२८ | २६४ | १५१ | २०८ | १०१ | १३३ | ११२ | १४० | ११४ | १४८ | ८१ | १४४ | ९२ | १२३ | ९२ | १३२ | ७७ | ९३ | ७४ | ७८ | ५६ | ८४ | ३५ | ४३ | २० | १८ | १००४ | १३४४ | २३४९ |

*स्रोत:पाँचखाल नगरपालिका, IEMIS तथ्याङ्क २०८२

यस स्थानीय तहको साक्षरता प्रतिशत ७५.१ रहेको छ। *(* स्रोतः रा.ज.ग. २०७८)* प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ। प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ। शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक-विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ। सुरक्षित, बालमैत्री र अपाङ्गता मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ। जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुऱ्याएको छ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सिप विकास र जीवनोपयोगी सिप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सिपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ।

## १.६ सबल पक्षहरु

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागु गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएका छन् । जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन्।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन्।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन्। विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ। सामुदायिक सिकाइ केन्द्र मार्फत अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सिप विकासमा योगदान पुऱ्याइएको छ। आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन्।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ। विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ। यसरी लागु गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा

महत्वपूर्ण योगदान पुऱ्याएका छन् र अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ।

### १.७ शिक्षा क्षेत्रका समस्याहरू

क)विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु।

ख)लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु।

च) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु।

छ)सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रभावकारी प्रयोग एवम् क्षमता विकास गर्न नसक्नु।

ज) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु।

झ)वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।

ञ)विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु।

### १.८ अवसरहरू

क)संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,

ख)शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

ग) स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,

घ) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

च) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,

छ) स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,

ज) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।

## १.९ चुनौतीहरू

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्खिकीय प्रवृत्ति (विशेषतःजन्म र बसाइँसराइ), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,

ग) स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्ण रूपमा गर्न,

ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याकङ्न प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,

ज) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्न,

झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न ।

# परिच्छेद-२ दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"गुणस्तरीय शिक्षा, समृद्धिको आधार, पाँचखाल नगरपालिकाको मूल सरोकार"।

## २.२ लक्ष्य

"समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने"।

## २.३ उद्देश्य

क) सबै बालबालिकालाई समतामूलक पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु।

च) स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) को पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| १.सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | क)बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | ख)विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने। |
| | ग) अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने। |
| | घ) बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने। |
| | ङ) बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| २.विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | क)बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागु गर्ने। |
| | ख)शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने। |
| | ग) विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने। |
| | घ) लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| | ङ) समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| ३.अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु | क)अपाङ्गतामैत्री पूर्वाधार निर्माण गर्ने। |
| | ख)सहायक सिकाइ सामग्री उपलब्ध गराउने गर्ने। |
| | ग) शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने । |
| | घ) लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | ङ) अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत बनाउने। |

| | |
|---|---|
| ४.पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | क)शिक्षक-विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने। |
| | ख)सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने। |
| | ग) पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | घ) शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने। |
| | ङ) सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणालीको विकास गर्ने । |
| ५.बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | क)सुरक्षित, बालमैत्री र अपाङ्गता मैत्री कक्षाकोठा निर्माण गर्ने। |
| | ख)खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने। |
| | ग) बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने। |
| | घ) विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ङ) विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने। |
| ६.स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क)समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गरी विकास गर्ने। |
| | ख)स्थानीय सन्दर्भ अनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | ग) शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने। |
| | घ) पाठ्यक्रम तथा पाठ्पुस्तक कार्यान्वयन अनुगमन र सुधार गर्ने। |
| | ङ) विद्यार्थीको सन्दर्भ अनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने। |
| | क)विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने। |
| | ख)विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने। |

| | |
|---|---|
| ७.विषयग तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | ग) शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने। |
| | घ) शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने। |
| | ङ) शिक्षक-विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने। |
| ८. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | क)विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने। |
| | ख)शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने। |
| | ग) डिजिटल सामग्री र प्रविधि आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने। |
| | घ) ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने। |
| | ङ) स्थानीय समुदायमा ICT–सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने। |
| ९. साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | क)समुदायमा साक्षरता र जीवन पर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| | ख)महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने। |
| | ग) शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने। |
| | घ) स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने। |
| | ङ) जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने। |
| १०.वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क)स्कूल बाहिरका बालबालिका र किशोरकिशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने। |
| | ख)समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने। |
| | ग) वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने। |
| | घ) स्थानीय सन्दर्भ अनुकूल वैकल्पिक सामग्री विकास गर्ने। |

| | |
|---|---|
| | ङ) शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने। |
| ११. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्ने | क)कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने। |
| | ख)विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने। |
| | ग) पूर्वाधारको नियमित मर्मत सम्भार सुनिश्चित गर्ने। |
| | घ) स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने। |
| | ङ) भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने। |
| | च) बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने। |
| | छ)जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ज)प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने। |
| | झ)शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने। |
| | ञ)विद्यालय स्तरमा जलवायु सचेतना र आपत्कालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |

## २.५ अपेक्षित उपलब्धि

क)उल्लिखित सबै प्रयासहरूबाट यस नगरमा गुणस्तरीय,सिपमूलक एवम् प्रविधिमैत्री शिक्षा पद्धतिको विकास भई नागरिकलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसँग तुलना योग्य गुणस्तरीय शिक्षाको सुनिश्चित गरिनेछ।

ख)सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

ग) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ।

घ) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ।

ङ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ।

च) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ।

छ) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

ज) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ।

झ) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ।

ञ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ।

ट) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर | स्थानीय | ११५ | ११० | १०५ | १०० | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | १०१ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| १.२ | पूर्वप्राथमिक शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशीको दर | स्थानीय | ६९.७ | ७५ | ८५ | ९५ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ७७.५ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ८०.८ | ८५ | ९० | ९५ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ८७.७ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १८८ | १७० | १५० | १२५ | IEMIS तथ्याङ्क,२०८३ |
| | | राष्ट्रिय | १७१.९ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा | स्थानीय | ९५.५ | ९६ | ९७ | ९९ | IEMIS तथ्याङ्क,२०८२ र पाँचखाल पार्श्वचित्र,२०८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-५) मा खुद भर्ना दर* (%) | राष्ट्रिय | ९७.९ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०७ | १०५ | १०३ | १०१ | IEMIS तथ्याङ्क,२०८२ र पाँचखाल पार्श्वचित्र,२०८० |
| | | राष्ट्रिय | १३३.८ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९८ | ९९ | ९९ | १०० | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८१.३ | ८५ | ९० | ९८ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.८ | ०.९ | १ | १ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | १ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९८ | ९८.५ | ९९ | १०० | IEMIS तथ्याङ्क,२०८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | राष्ट्रिय | ९७.७ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०१ | १०० | १०० | १०० | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | १३६.१ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ९५.१ | ९६ | ९७ | ९८ | |
| | | राष्ट्रिय | ७९.९ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ६७.६ | ७० | ८० | ९० | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ७७.१ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.८ | ०.९ | १ | १ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | १ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | स्थानीय | ०.२ | ०.१ | ० | ० | पाँचखाल पार्श्वचित्र,२०८० |
| | | राष्ट्रिय | २.१ | | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये | | स्थानीय | ४९.२ | ४९.५ | ५० | IEMIS तथ्याङ्क,२०८२ |
| | | | राष्ट्रिय | ४९.१ | | | आर्थिक सर्वेक्षण,२०८२/०८३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला शिक्षकको सङ्ख्या*(%) | | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ६४ | ७५ | ८५ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ५१.६ | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | १३५ | १२० | १०५ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ८५.७ | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.८ | ०.९ | १ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ०.९ | | | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | २३ | ३० | ४० | शैक्षिक सूचना २०८२,शिक्षा तथा खेलकुद मन्त्रालय |
| | | राष्ट्रिय | २२.९ | | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८५.८ | ९० | ९५ | स्थानीय तह,रा.ज.ग.२०७८ |
| | | राष्ट्रिय | ७१.२ | | | आर्थिक सर्वेक्षण २०८२/०८३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७५.१ | ८५ | ९५ | पाँचखाल पार्श्वचित्र,२०८० |
| | | राष्ट्रिय | ७६.२ | ९५ | | सोह्रौं आवधिक योजना |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९७.५ | ९९ | १०० | स्थानीय तह,रा.ज.ग.२०७८ |
| | | राष्ट्रिय | ९४. | | ९९. | दि.वि.ल. |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ११:१ | १६:१ | २०:१ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | रा.ज.ग.२०७८ |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २२:१ | २०:१ | २०:१ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | रा.ज.ग.२०७८ |
| ५.३ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १४:१ | १६:१ | २०:१ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | रा.ज.ग.२०७८ |
| ५.४ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १८:१ | २०:१ | २२:१ | IEMIS तथ्याङ्क,२०८२ |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | रा.ज.ग.२०७८ |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरेको छ। सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन्। पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-१ मा दिइएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

पाँचखाल नगरपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ। यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन्। पाँचखाल नगरपालिकामा सामुदायिक विद्यालय तर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या २८ रहेको छ ।शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार नगरपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ६९.७ रहेको देखिन्छ ।

**पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरणः**

| पूर्व प्राथमिक | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| | सामुदायिक | ३१३ | २५५ | ५६८ |

| | | | | |
|---|---|---|---|---|
| | संस्थागत | २६४ | २२८ | ४९२ |
| | **जम्मा** | **५७७** | **४८३** | **१०६०** |

### ३.१.३ उदेश्यः

क)चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

ख)प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

### ३.१.४ रणनीतिहरूः

क)सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख)कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

ग) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

घ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ङ) लागत सहभागिता अभिवृद्धि गर्ने,

च) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

छ)ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ज) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता अभिवृद्धि गर्ने,

झ)स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ञ)पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,

ट) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क.उपलब्धिः**

(अ नगर क्षेत्रभित्रका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

**ख) नतिजाः**

(अ प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकारूलाई एक वर्षको प्रारम्भिक बालविकास शिक्षामा सहज पहुँच हुनेछ,

(आ प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ,

(इ सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ,

(ई बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुनेछ,

(उ भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (जस्तैः घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास) शिक्षा कार्यक्रमका नमूना विकास हुनेछ,

(ऊ प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछ ।

## ग) प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | | | | १ | २ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | १ | | | २ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | २ | २ | २ | २ | २ | १० | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | | | | | | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | | | १ | | २ | |
| | कृषि, स्वास्थ्य र महिला तथा बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | | १ | | | | १ | |
| ७ | सुपरीवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवासीय योजना | वटा | | | १ | | | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | ३७ | | | | | | |
| १० | पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १ | | | | | १ | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री | वटा | २ | २ | २ | २ | २ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | | | | | | | | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | | १ | | | १ | २ | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकताअनुसार | | | | | | | |
| १५ | अभिभावक शिक्षा | पटक | | | १ | | १ | ५ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | | १ | | १ | | २ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्य-कता अनुसार | | | | | | | |
| १८ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगीको व्यवस्था | जना | आवश्यक | आवश्यक | आवश्यक | आवश्यक | आवश्यक | | |
| २१ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धि गर्ने | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | संघको निर्णय अनुसार | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | | | | | | आवश्यकता अनुसार | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ। राज्य सञ्चालनमा विश्वका प्राय सबै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ। शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पूर्वाधारको रुपमा लिन सकिन्छ। नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो। शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजी हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सबल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउँछ।

शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो। त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई व्यावहारिक जीवनमा साबित गर्न सक्छ। शिक्षाका उल्लिखित मार्गदर्शन पूरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो। शिक्षाको आधार नै आधारभूत शिक्षा हो। आधारभूत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्बन्धी योजना कार्यक्रम आयोजनाहरूको तर्जुमा

तथा कार्यान्वयन गर्ने गरिएको छ। नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा  ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षासम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। संविधानको अनुसुची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन २०२८ (संशोधनसहित), शिक्षा नियमावली २०५९ (संशोधन सहित), शिक्षक सेवा आयोगको नियमावली २०५७ (संशोधन सहित) को व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षासम्वन्धी अधिकारको व्यवस्था गरिएको छ। दिगो विकासको चौथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनितश्चितता गर्ने। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आय स्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। चालु १६औं पञ्चवर्षीय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

पाँचखाल नगरपालिकाको वडा नं १ देखि १३ सम्म जम्मा २८ ओटा सामुदायिक विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमध्ये सामुदायिकतर्फ कक्षा १-५ सञ्चालित ११ ओटा, कक्षा १-८ सञ्चालित ४ ओटा तथा संस्थागततर्फ कक्षा १-५ सञ्चालित ४ ओटा, कक्षा १-८ सञ्चालित १ ओटा गरी जम्मा १८ ओटा आधारभूत विद्यालयहरू रहेका छन्।

**आधारभूत तहको विद्यार्थी सङ्ख्या**

| आधारभूत तह (कक्षा १-५) | **विद्यालयको प्रकार** | **छात्र** | **छात्रा** | **जम्मा** |
|---|---|---|---|---|
| | **सामुदायिक** | १४४१ | १३८६ | २८२७ |

| | | | | |
|---|---|---|---|---|
| का जम्मा विद्यार्थी | **संस्थागत** | ११६ | ८२ | १९८ |
| | **जम्मा** | **१५५७** | **१४६८** | **३०२५** |
| आधारभूत तह (कक्षा ६-८) का जम्मा विद्यार्थी | **सामुदायिक** | ५६९ | ५४९ | १११८ |
| | **संस्थागत** | ३४८ | २६१ | ६०९ |
| | **जम्मा** | **९१७** | **८१०** | **१७२७** |

सामुदायिक विद्यालयका आधारभूत तह अन्तर्गत कक्षा १-५ मा दरबन्दीमा १३३ र राहत दरबन्दी २८ गरी जम्मा १६१ शिक्षकहरू कार्यरत छन् भने कक्षा ६-८ मा दरबन्दीमा २५ र राहतमा १६ गरी जम्मा ४६ शिक्षकहरू कार्यरत छन्। ।यस नगरपालिकामा तुलनात्मक रूपमा कक्षा १-५ मा भन्दा कक्षा ६-८ मा विषयगत शिक्षक दरबन्दीको अभाव देखिन्छ।

### ३.२.३ उद्देश्य

क)आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

ख)आधारभूत तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क)विद्यालय नक्साङ्कन गर्ने

ख)विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने

घ) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने

ङ) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

च) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

छ)शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

ज) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

झ) विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

ञ) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

ट) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने

ठ) कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

ड) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

ढ) मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने

ण) विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

त) कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने

थ) शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

द) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

ध) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने

न) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने

ऩ) विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेशी हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

प) विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा माहामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

फ) विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

ब) दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

भ) अन्तर्सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

म) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने

य) नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

र) विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

ऱ) शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

**आ) नतिजा**

क) नगरभित्रका सबै बालबालिका आधारभूत शिक्षाको पहुँचभित्र आई पठनपाठनमा सहभागी हुने

ख) सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने

ग) न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने

घ) आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने

ङ) बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने

च) विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने

छ) विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध हुने

ज) बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने

झ) आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने

ञ) विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने

ट) सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने

ठ) जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

### इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | **जम्मा** | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | | आवश्यकता अनुसार | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | आधारभूत तह | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | ८० | | ८० | | | १६० | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | ७ | ७ | ७ | | | २१ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | दुई कोठे भवन | २ | २ | २ | २ | २ | १० | | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक क्षमता विकास | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | | | | | | आवश्यकता अनुसार | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २२ | | | २२ | | ४४ | | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना (रोष्टर शिक्षकबाट) | पटक | | | | | | | आवश्यकता अनुसार | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | १० | १० | १० | १० | १० | ५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | | | | | | | निरन्तर | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | १५ | | | १५ | | ३० | | |
| १६ | विपन्नका लागि ड्रेस, स्टेशनरी छात्रवृत्ति | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | | | | | | | निरन्तर | |
| १९ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | अभिभावक अभिमुखीकरण र सहभागिता | विद्यालय | | २२ | | २२ | | ४४ | | |
| २२ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संशाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स.२०७७ बाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशीलता रचनात्मकता,अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

पाँचखाल नगरपालिकाभित्र सामुदायिक विद्यालयतर्फ कक्षा १ देखि १० सम्म सञ्चालित ६ ओटा, संस्थागत विद्यालयतर्फ ५ ओटा र कक्षा १ देखि १२ सञ्चालित सामुदायिक

विद्यालयतर्फ ७ ओटा, संस्थागत विद्यालयतर्फ १ ओटा विद्यालय गरी जम्मा १९ ओटा माध्यमिक विद्यालय रहेका छन्।

माध्यमिक तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| कक्षा ९-१० | सामुदायिक | ३६० | ४३२ | ७९२ |
| | संस्थागत | १६२ | १३० | २९२ |
| | **जम्मा** | **५२२** | **५६२** | **१०८४** |
| कक्षा ११ र १२ | सामुदायिक | २२७ | ३१५ | ५४२ |
| | संस्थागत | ६१ | ५५ | ११६ |
| | **जम्मा** | **२८८** | **३७०** | **६५८** |
| **कुल जम्मा** | | **८१०** | **९३२** | **१७४२** |

### ३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन गर्ने,

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउने,

ङ) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

च) वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,

छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

झ)शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

ञ)शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

ड) विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

ढ) विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,

ण) सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गर्ने,

त) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क)माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**आ) नतिजा**

क)सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,

ख)सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,

ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,

ङ) माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

च) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,

छ) माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ज) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

झ) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,

ञ) माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने ।

**इ) माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र यकिन गर्ने र सीमाङ्कन भित्रका | पटक | | | | | | | आवश्यकता अनुसार | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | | | | | | | | | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था | माध्यमिक विद्यालय | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | | | | | | | | | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | जना | | २० | - | - | - | २० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | | १ | | १ | | २ | | स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने | पटक | १ | | | | | | १ | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | | | | | | | | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | २ | २ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | | निरन्तर | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | निरन्तर | | | | | | | संघ |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | २ | ३ | १ | ७ | | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.४ अनौपचारिक तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्न जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दै छन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ। अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका

लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ। शिक्षा क्षेत्र योजना २०७९-२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एव सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजान्छ। स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवम् चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न नगरपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा सञ्चालन हुदै आएका छन्। यस कार्यक्रमले निरक्षरहरू विशेषतः १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ। यसका लागि नगरपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए। यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ। साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषतः महिलाहरूलाई समूह बनाइ आयआर्जन कार्यक्रमसँग समेत जोडी महिलाको समूह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए। गाउँ-गाउँमा महिलाहरूको समूह बनाइ आयआर्जन

कार्यक्रममा समेत जोड्ने उद्देश्यले बीउ पूँजी वितरण गरियो।समूहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्यूनतम ब्याजमा त्यो रकमलाई वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहदै आयो।सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनु पर्थ्यो त्यति प्रभावकारी हुन सकेन तर पनि पाँचखाल नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ।नगरपालिकामा २ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ।यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ।देश सङ्घीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार

कार्यसम्पादन हुन सकेको देखिदैन। आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले नगरपालिकाको साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

क) अनौपचारिक तथा निरन्तर एवम् जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

ख) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

ग) आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूल धारमा ल्याउनु ।

### ३.४.४ रणनीतिहरू

क) नगरपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,

ख) सामुदायिक सिकाइ केन्द्रलाई सदृढीकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

ग) साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासँग सहकार्य र साँझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,

घ) नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गर्ने,

ङ) सामुदायिक सिकाइ केन्द्रहरु मार्फत मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा जोड गर्ने,

च) सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने,

छ) सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,

ज) सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,

झ) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

ञ) सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,

ट) सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अ) उपलब्धि**

क) सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त हुनेछ ।

**आ) नतिजा**

क) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने

ग) सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

घ) सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

च) अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अध्यावधिक हुने ।

**इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्या (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क सङ्कलन | | १ | १ | १ | १ | १ | ५ | | |
| २ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिवृद्धि | | १ | | | | १ | २ | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरूको व्यवस्थापन अनुदान | | प्रत्येक वर्ष | | | | | | | |
| ४ | आजीवन सिकाइका कार्यक्रमरू सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन | | | १ | | | १ | २ | | |
| ५ | सिप विकास र आयआर्जनमा कार्यक्रम सञ्चालन | | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक सिकाइ केन्द्र थप | आवश्यकताअनुसार | | | | | | | | |
| ७ | तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेको ज्ञान सिपलाई प्रमाणीकरण | | | | | | १ | १ | | |
| ८ | अनौपचारिक तथा आजीवन सिकाइको तथ्याङ्क व्यवस्थापन | | १ | १ | १ | १ | १ | ५ | | |

# परिच्छेद ४

# अन्तर्सम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा के-के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन। देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ। के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो। मानवीय चेतना र बौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो। बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन्।

मानवीय आवश्यकता,बालबालिकाका रुचि, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ। पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

### ४.१.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र

स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो। यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ। सोही व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा २०८१ सालमा पाँचखाल नगरपालिकाको सेरोफेरो नामक स्थानीय पाठ्यक्रमको विकास गरिएको थियो ।

पाठ्यक्रमले शिक्षकलाई शिक्षण गर्न खाका प्रदान गर्छ। उक्त पाठ्यक्रम सबै विद्यार्थीहरूसँग पुगेको हुँदैन र शिक्षकलाई समेत शिक्षण क्रियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तक नहुँदा कठिनाइ हुन्छ। पाठ्यपुस्तक विद्यार्थी र शिक्षक दुवैका लागि महत्त्वपूर्ण र सजिलो सिकाइ सामग्री हो। त्यसैले पाँचखाल नगरपालिकाले पनि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन कार्य थालनी गरेको छ। पहिलो पटक कक्षा १-३ को लागि "हाम्रो पाँचखाल" नामक स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्य २०८२ चैत्रमा सम्पन्न भएको छ।

### ४.१.३ उद्देश्य

क)विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ख)स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यर्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क)राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख)विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ)सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ)सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ)शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्यिन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

(क पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**आ) नतिजा**

(क पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,

(ख पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,

(ग सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

(घ पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने,

(ङ सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने,

(च स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

**इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखीकरण | सङ्ख्या | ३० | | | | | ३० | | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | | | ३० | | | ३० | | स्थानीय तह,मानव संसाधन केन्द्र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | | विद्यालय, सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | माध्यम भाषाको रूपमा मातृभाषको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरीवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठुलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | | | १ | | २ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौर तरिकाहरू छन्। शिक्षक

तालिम, कार्यशाला, सेमिनार  कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न  शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम  लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरी शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

पाँचखाल नगरपालिकामा रहेका २८ ओटा सामुदायिक विद्यालयहरूमा कूल २६९ शिक्षक कार्यरत छन्। तहगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा २९ प्राथमिक तहमा १६१ निम्न माध्यमिक तहमा ४९ र माध्यमिक तहमा कक्षा ११-१२ समेत ५९ जना शिक्षक जनशक्ति राज्यबाट सुविधा प्राप्त गर्ने गरी कार्यरत छन्। केही विद्यालयहरूमा विद्यालयको स्रोतबाट तलब खाने गरी केही शिक्षकहरू कार्यरत रहेका छन्। नगरपालिकाभित्र रहेका १ ओटा संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको १ जना शिक्षक कार्यरत रहेका छन्।

नगरभित्रका विद्यालयमा शिक्षकको अनुपातिक वितरणमा समानता छैन। प्रायः धेरै जसो माध्यमिक तह सञ्चालित विद्यालयहरूमा कक्षाअनुसार शिक्षक पुगेको देखिदैन। नगरभित्रका आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित विद्यालयहरूमा विषयगत शिक्षक अपर्याप्त छन्।

### ४.२.३ उद्देश्य

क)विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख)विद्यालय सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ४.२.४ रणनीतिहरू

क)शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने।

ख)रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने।

ग) शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने।

घ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक

सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

ङ) शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गर्ने ।

च) शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।

छ) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने।

ज) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाई दिने।

झ) शिक्षकले कक्षा काठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने।

ञ) कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**आ) नतिजा**

क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

ख) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

ग) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

घ) पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,

ङ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

च) शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

छ)शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

ज)शिक्षकको आपूर्ति नियमित रूपमा हुने,

झ)शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने।

## इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | | | | | १ | १ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | | १ | २ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | | १ | | १ | ३ | ३ | |
| १० | विज्ञान प्रयोशाला | पटक | | १ | | १ | १ | ३ | ३ | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | | | | | १ | १ | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | - | १ | - | १ | ३ | ३ | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | - | १ | - | ४ | - | २ | २ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | १ | | | | | | | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बीच गरिने समान व्यवहार नै शैक्षिक समता हो। विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन। यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो। यस नगरपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो। यसमा ब्राम्हण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ। सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ। सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ। बालबालिकाहरु विशेषतः अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ। विविधतालाई

पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ। बालबालिकामा भएको भिन्नताहरूदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ। यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था  गर्नुपर्दछ। समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कार्य गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ। यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन्। यस्ता चुनौतीहरू हटाइ विविधता अनुकूल हुने गरी शिक्षामा सबैका सहज पहुँच सहभागिता तथा सिकाइका लागि समेत तथा समावेशीता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरूप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

### ४.३.२ वर्तमान अवस्था

यस नगरपालिकामा विद्यालयमा आधारित २९ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन्। कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरू समेत रहेका छन्। यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या अद्यावधिक नभएकाले कम देखिन गएको छ। ती बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ। त्यसै गरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, सडक  बालबालिकाहरू, असाध्य रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहारा विहीन बालबालिकाहरू रहेको समुदाय छ। तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छन्। त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ।

विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ। खास गरी आधारभूत तहको कक्षा १-८ मा

अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरूलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ। त्यसै गरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ। बहिरा बालबालिकाहरू, सुस्तमनस्थितिका बालबालिकाहरू, दृष्टिविहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षा पढाइलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ। नगरपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भए तापनि अझैं पनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन।

### ४.३.३ उद्देश्य

क) लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

ख) लक्षित समूहका बालबालिकाहरुको सिकाइ सहभागितामा वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

ग) समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु।

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

ख) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने,

ग) विद्यालयहरूमा बिशेषतः छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

घ) प्रत्येक विद्यालयहरूमा गुनासो पेटिका बनाई राख्न लगाईने,

ङ) सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने,

च) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गर्ने,

छ) साधारण विद्यालयमा भर्ना भ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,

ज) समावेशी तथा समतामुलक पहुँच सुनिश्‍िश्चतका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने,

झ) विद्यार्थीहरुलाई खासंगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरीक्षण, अनुसन्धान गरिनेछ र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइने ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क)समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**आ) नतिजा**

क)अपाङ्गता,गरिव, विपन्न,अभिभावक विहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

ख)विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

ग) लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवम् प्रोत्साहन प्राप्त गरेको हुने ।

घ) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त्य भएको हुने।

## इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | | १ | | १ | ३ | | |
| ३ | लक्षित वर्गको लागि छात्रवृत्ति वितरण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | १ | | २ | | |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | जम्मा | | |
| ६ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापन सम्बन्धी मापदण्ड २०८० कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ बराबरको खाजा खुवाउदै आएकोमा आ.व.२०८२/०८३ बाट प्रति विद्यार्थी प्रति दिन रु.२० बराबरको खाजा खुवाउन

थालिएको छ। सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ।

### ४.४.२ वर्तमान अवस्था

नगरपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन्। कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रुपमा वितरण गरिएको छ। हाल नगरपालिका अन्तर्गतका २८ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ। जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरू धेरै लाभान्वित भएका छन्।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

क) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडा वर्तन र अन्य सामाग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

ख) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

घ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

ङ) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अ) उपलब्धि**

क)विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**आ) नतिजाहरू**

क)विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

ख)दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

ग) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

घ) सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त खानेपानी, साबुन तथा सरसफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइ सकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा शूक्ष्म पोषक तत्व प्रदायक किशोरीहरूको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

छ) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

**इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| **क्र.स.** | **क्रियाकलाप** | **इकाई** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **जम्मा** | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयहरूमा सेनेटरी प्याड लगायत सरसफाइका सामग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विद्यालयमा सरसफाइको लागि साबुन, पानी लगायतका सामाग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | खाजाका लागि थप वित्तीय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | | | | | | | आवश्यकता अनुसार | |
| ८ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५ अल्पकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता सङ्कटको समयमा सबै ठाउँमा विद्यार्थीहरू विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरू शिक्षाबाट वञ्चित नहुन भन्ने उद्देश्यका साथ र बालबालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिँदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ। यसको मूल उद्देश्य भनेको सङ्कटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्ने रहेको छ। यस अवधारणा अन्तगत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुनेछ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिँदै आएको छ। समय समयमा भएका नेपाल बन्द हड्ताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरूको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ। यस महत्वलाई मध्यनजर गर्दै नगरपालिकाले पनि आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा योजना

तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरू समावेश गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाका सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ। बृहत विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यस्थापन, विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ। यसका अलावा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत् तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राखी राख्नुपर्ने कुरालाई जोड दिएका छन्।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुबान जस्तो विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन्। काभ्रेपलाञ्चोक जिल्ला समेत यो समस्याबाट अछुतो रहन सकेको छैन। विकट भौगोलिक अवस्था भएको नगरपालिकाका विद्यालयहरू पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन्। हालको **Covid-19** का विषम परिस्थितिले त झन् आपत्कालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागु गर्ने तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरू, स्वाध्ययन, दर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात् गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपत्कालीन सङ्कटको बारेमा केही पूर्वानुमान गर्न सकिए तापनि यसको ठ्याक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन तर पनि विगतका अभ्यासहरूको आधारमा आपत्कालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ तर आपत्कालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो। यसका साथ स्थानीय तहले आपत्कालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तादात्म्यता मिलाउन योजना अल्पकालीन बनाउने कि दिर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरू भने रहीँ रहेका छन्। यस्ता चुनौतीहरूलाई विचार गर्दै पाँचखाल नगरपालिकाले आपत्कालीन शिक्षा योजना बनाउने अवस्थाको आँकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरूलाई महत्त्वका साथ सम्बोधन गर्नु पर्दछ।

### ४.५.३ उद्देश्यहरू

क) सङ्कटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पूर्व सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्यूनीकरण गर्नु।

ख) विपद् प्रतिकार्य योजना बनाइ लागु गर्नु।

ग) विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु।

### ४.५.४ रणनीति

क) प्रकोप, विपद्, महामारीको पूर्वानुमान अनुसार सङ्घीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गर्ने।

ख) स्थानीय सरोकारवाला तथा विज्ञहरुसँग अन्तर्क्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रूपमा वैकल्पिक सिकाइ पाठयोजना तयार पार्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसँग समन्वय गर्ने।

घ) विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिने।

ङ) स्थानीय विज्ञहरू समेत समेटी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति बनाउने जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्यसम्पादन गर्ने।

च) विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गर्ने ।

ज) विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने,

ट) विद्यालयहरू आपत्कालीन अवस्था, सङ्कट र महामारीको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तर कायम गर्ने,

ठ) Covid-19 जस्ता सङ्कटले विद्यालय शिक्षामा पार्ने छोटो र लामो अवधिका प्रवाभ पहिचान गरी तिनको सम्बोधन गर्ने,

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र अभ्यास (ड्रिल) कार्यक्रम विद्यालयको वार्षिक कार्ययोजनामा समावेश गर्ने,

ढ) विपत तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान र व्यावहारिक तालिम शिक्षक र विद्यार्थीहरूलाई प्रदान गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### अ) उपलब्धि

क) आपतकालीन तथा सङ्कटका समयमा समेत नगरपालिकाभित्रका विद्यालयहरूमा पठपाठन गर्न विद्यार्थीहरुले वैकल्पिक माध्यमबाट भए पनि सिकाइलाई निरन्तरता दिने छन्।

ख) शिक्षा क्षेत्रको सम्भावित विपद् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकास भएको हुनेछ।

**आ) नतिजा**

क)विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा सङ्कटको समयको लागि व्यावहारिक योजना निर्माण भई आवश्यकताका आधारमा लागु हुनेछ।

ख)प्रकोप महामारीमा समेत सिकाइ निरन्तर हुनेछ।

ग) आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरूले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

**इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आपत्कालीन सङ्कटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | पटक | १ | | | | | १ | | |
| २ | निर्देशनको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | | | | | | | | आवश्यकता अनुसार | |
| ३ | स्रोत शिक्षक तथा प्र.अ.लाई तालिम | पटक | १ | | | १ | | २ | ४ | |
| ४ | विपद् पूर्व तयारी, प्रतिकार्य,पुनःस्थापना तथा उत्थानशीलताको | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि सचेतना कार्यक्रम | | | | | | | | | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कुल सामुदायिक विद्यालयतर्फ १३ ओटा माध्यमिक, आधारभुत तहमा (कक्षा १ देखि ८) मा ४ र आधारभूत तह (कक्षा १ देखि ५) मा ११ भवन रहेका छन्। सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन् भने अधिकांश विद्यालयहरूमा खानेपानीको स्रोत रहेको छ भने सबैमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ। पालिका भरमा २८ वटा विद्यालयमा पुस्तकालय, १४ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १५ ओटा विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरणतर्फ फर्केर हेर्दा सबै विद्यालयमा स्टाफ कोठा, २८ विद्यालयमा स्टोर कोठा, २० विद्यालयमा खेलकुद कोठा साथै २४ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। अधिकांश विद्यालयमा घेराबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन्। विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा ससर्त अनुदान लगायतबाट अनुदान प्राप्त भइरहेको तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भइरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भूमिका नहुनु ।

२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवम् जवाफदेही बनाउनु ।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.३ उद्देश्य

क)सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

ख)पूर्वाधारहरूलाई पारदर्शी एवम् जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउनु।

### ४.६.४ रणनीतिहरू

क) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,

ख) विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवम् सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,

ग) विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाका घर लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने,

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गर्ने,

ङ) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,

च) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने,

छ) आंशिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,

ज) विद्यालयको भवन तथा भौतिक पूर्वाधारलाई विपत जोखिममुक्त, सुरक्षित र हरित बनाइने,

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**अ) उपलब्धि**

क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**आ) नतिजा**

क) माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।

ख)पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

ग) पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने।

घ) पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

ङ) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।

च) विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।

छ)सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेट निर्माण भएको हुने ।

**इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | १ | | | | | १ | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउन्ड आदि) | सङ्ख्या | | १ | | | | १ | |
| ३ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामूलक भवन कक्षाकोठा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विज्ञ समूह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मूल्याङ्कन | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रम बजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसै गरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, नगरपालिकाभित्र एउटा डिजीटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रमा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, नगरपालिकाभित्र डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तर्क्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका छन्।

### ४.७.२ वर्तमान अवस्था

हाल पाँचखाल नगरपालिकामा रहेका २८ ओटै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भइरहेको छ। सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ। इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई वर्षेनी १२००० रकम उपलब्ध गराउने गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस नगरपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ। संस्थागत विद्यालयहरूले पनि आफ्नै स्रोत साधनबाट कम्प्युटर ल्याब स्थापना गरी विद्यार्थीहरूका लागि प्रयोग गराउँदै आएको अवस्था छ। कक्षा

४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ राखिएको छ भने केही विद्यालयमा ऐच्छिक विषयका रूपमा छुट्टै कम्प्युटर विषय पठनपाठन गराउने गरेका छन्।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले  निर्माण र विकास गरेका डिजिटल सामग्रीको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीले आफ्नो पहुँच र प्रभावकारिता वृद्धि गर्दै लगेको पाइन्छ। विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ। जुमबाट तालिम र गोष्ठी सञ्चालन हुने गरेका छन्। गत वर्ष पाँचखाल नगरपालिकाले सामुदायिक विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरूलाई  एक महिने आइसिटी सम्बन्धी तालिम सञ्चालन गरेर शिक्षकहरूलाई सूचना प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बन्न सहयोग गरेको थियो ।

कोभिड १९ को समयमा विद्यालय लामो समय बन्द रहँदा अनलाइन कक्षाको महत्त्व बढेर गएको हो। सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाइ गतिविधिमा समेत यसको महत्त्व र प्रभावकारिता बढ्दै गएको छ।

पाँचखाल नगरका केही विद्यालयहरूका कक्षा कोठामा इन्टरएक्टिभ प्यानल बोर्ड समेतले प्रवेश पाएको अवस्था छ। विद्यार्थीहरू विद्यालयहरूका आइसिटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने स्थापना भएका छन्। सी.सी.क्यामेराको प्रयोग बढ्नु, लेखा क्षेत्रमा सफ्टवेयर निर्माण र प्रयोग हुनु सकारात्मक कुरा हुन्। यस नगरभित्रका विद्यालयका कक्षा कोठामा शिक्षण सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियो  जस्ता सामग्रीको प्रयोग बढ्दै गएको छ। हालको अवस्थाले बिहानीको सङ्केत त अवश्य दिन्छ यसमा समयानुकूल थप विस्तार विकास गर्न प्राथमिकता दिनुपर्दछ। कक्षा कोठालाई रुचिकर

साथै सूचना तथा प्रविधिमा आधारित बनाई सिकाइमा प्रभावकरिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ।

### ४.७.३ उद्देश्य

क)सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,

ख)सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु,

ग) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.४ रणनीतिहरू

क)सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

ख)सबै शिक्षकहरूको क्षमता विकास गर्ने,

ग) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,

घ) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

ङ) शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,

च) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,

छ)सामुदायिक सिकाइ केन्द्रहरूमा Digital Learning Center स्थापना गर्ने ।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### अ) उपलब्धि

क)विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुने ।

### आ) नतिजा

क)सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

ख)विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

ग) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

घ) सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

ङ) सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,

च) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

छ)सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

ज) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

### इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १ | १ | १ | १ | १ | ५ | | |
| २ | प्रत्येक विद्यालयमा Internet | ओटा | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Connectivity को व्यवस्था | | | | | | | | | |
| ३ | शिक्षकहरू को क्षमता विकास | जना | १२ | १२ | १३ | | | ३७ | | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | | १ | | | १ | | |
| ७ | विद्यालमा इ-हाजिरी व्यवस्थापन | ओटा | १२ | १२ | १३ | | | | | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको | | | | | | | | | आवश्यकता अनुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिता का आधारमा) | ओ टा | १ | १ | १ | १ | १ | ५ | | |
| १ ० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि | ओ टा | | | १२ | १२ | १३ | १४ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिमको व्यवस्था | | | | | | | | | | |

# परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशीता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तर दायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्यांकन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसै गरी स्वायत्त निकायका

रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको

आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र बागमती प्रदेशले सामाजिक विकास मन्त्रालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर काम विहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ उद्देश्य

क)स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख)तीनै तहका सरकारबीचको अन्तर्सम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क)स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

ख)संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

ग) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

घ) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,

च) कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

आ) नतिजा

क) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

ख) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

ग) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

घ) सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ ।

इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| **क. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ | | |
| ५ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | २८ | २८ | २८ | २८ | २८ | | |
| ६ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ | | |
| | | | | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तर दायित्त्वहरू पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन

प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.२ वर्तमान अवस्थाः

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी  व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन  भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरू

क)शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ५.२.४ रणनीतिहरू

**क)** संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

**ख)** कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

**ग)** कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

**घ)** एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

**ङ)** विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

**च)** विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने।

**छ)** विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

**ज)** वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।

**झ)** अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

**ञ)** सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धि

क)शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### आ) नतिजा

क)शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | | १ | | | | | २ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | | | | | | २ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | ५ | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्ने छन्। कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनुगमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिवेक्षण, निरीक्षण गर्नेछन्। अनगुमनपश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रीय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ। खास गरी नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ।

ऐन,नियमानुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भइ रहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइने छ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ **उद्देश्य**

क) अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ५.३.४ **रणनीतिहरू**

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने।

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

छ) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

क) प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।

ख) कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमी कमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ।

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ।

**प्रमुख नतिजा**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ।

३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ।

### इ) प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन/कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ ओटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नु पर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईओटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याइ तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्ने छ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोही बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा

लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। ससर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१ हजार रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन्। दश वर्षे नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थामार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा

आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छः-

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट(लाखमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | | | |
| २ | प्रदेश सरकार | | | |
| ३ | स्थानीय सरकार | १८० | ५ | अनुमानित |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृ निकाय | ५० | २ | अनुमानित |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ० | ० | |
| ७ | अपुग रकम | ५० | २ | |
| | जम्मा | २८० | ९ | |

## ६.३ उद्देश्य

क)योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख)पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरू

क)सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख)आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तर्सम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरणः-

| क्र. स. | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु. लाखमा) | | | | | | स्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | **३.१ प्रारम्भिक बालविकास र शिक्षा** | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | **३.२ आधारभत शिक्षा** | ५० | ५० | ५० | ५० | ५० | २५० | | | | |
| ३ | **३.३ माध्यमिक शिक्षा** | १०८ | १०० | १०४ | १०० | १०६ | ५१८ | | | | |
| ४ | **३.४ उच्च शिक्षा** | १० | १० | १० | १० | १० | ५० | | | | |
| ५ | **३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा** | ८ | ८ | ८ | ८ | ८ | ४० | | | | |
| ६ | **३.६ पाठ्यक्रम र पाठ्यसामग्री** | १० | | | | ५ | १५ | | | | |
| ७ | **३.७ शिक्षक व्यवस्थापन र विकास** | १ | १ | १ | १ | १ | ५ | | | | |
| ८ | **३.८ विद्यालय व्यवस्थापन** | आवश्यकताअनुसार | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | **३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा** | आवश्यकताअनुसार | | | | | | | | | |
| १० | **३.१० गुणस्तरीय सार्वजनिक शिक्षा** | १५ | १५ | १५ | १५ | १५ | ७५ | | | | |
| ११ | **३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा** | आवश्यकताअनुसार | | | | | | | | | |
| १२ | **३.१२ शिक्षामा** | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना प्रविधि | | | | | | | | | |
| १३ | ३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | आवश्यतता अनुसार | | | | | | | | |
| १४ | संस्थागत संरचना र क्षमता विकास | ० | ० | ० | ० | ० | ० | | | |
| १५ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | १ | १ | १ | १ | १ | ५ | | | |
| | जम्मा | ३०१.५ | | | | | | | | |

## परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। प्रत्येक विद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्ने छन्। कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध नगरपालिकाको शिक्षा शाखाले गर्नेछ। कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सपुरीवेक्षण, निरीक्षण गर्ने छन्। अनुगमन पश्चात् सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ। खास गरी नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि सक्रिय बनाउन बाँकी नै छ। कहिलेकाँही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ।

ऐन,नियम अनुसार कार्य भएनभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन

गर्ने कार्यहरू नियमित रूपमा भइ रहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ। सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय  सञ्चालन गर्ने छन्। पाँचखाल नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्बन्धित निकायबाट अनुगमन गरिने छ। अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ।

| क.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरीक्षण, सुपरीवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाको ठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइने छ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धि

(क प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

(ख कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमी कमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने,

(ग समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

### आ) नतिजा

क) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,

ख) अनुगमनका आधारमा नतिजा सुधार हुने,

ग) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,

घ) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,

ङ) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,

च) सिकाइहरूको दस्तावेज तयार हुने ।

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

**सन्दर्भग्रन्थ सूचीः**